का.जि.प्र.का.द.नं. १००/०५९/६०

९ माघ २०८१,
बुधबार
22 January, 2025
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक ३३४ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# उपेन्द्र यादव : यता न उता

हामी न सत्तापक्षीय हो, न त प्रतिपक्षीय । अहिले हामी मध्यबिन्दुमा उभिएका छौं




**निमिष झा/मध्यान्ह**
काठमाडौं, ८ माघ ।

१ र २ माघमा क्रमश: मधेश केन्द्रित दल र समाजवादी मोर्चाको बैठक काठमाडौंमा बस्यो । ती दुवै बैठकमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल (जसपा नेपाल) उपस्थित भएन ।

अध्यक्ष यादव दुवै बैठकमा न आफू गए, न त पार्टीका कोही प्रतिनिधिलाई नै पठाए । यादवले ती दुवै बैठक बहिस्कार गरेका हुन् कि भन्ने अड्कल पनि गरियो । यी दुवै बैठकमा एकसाथ उपस्थित नभएपछि यादवले मधेश केन्द्रित दलहरूले बनाउन लागेको मोर्चा र पहिला आफू पनि सहभागी भएको समाजवादी मोर्चालाई छाडेर अर्को मोर्चा त बनाउन लागेका होइनन् भन्ने आशंका पनि राजनीतिक वृत्तमा बढेको छ ।

२ माघमा बसेको समाजवादी मोर्चाको बैठकमा यादवको तीव्र प्रतीक्षा थियो । »» पृष्ठ २ मा

## न सत्तापक्षका, न त प्रतिपक्षका

समाजवादी मोर्चा र मधेश केन्द्रित दलहरूको बैठक एकैसाथ 'बंक' गरेर उनले आफू 'सत्तापक्षीय न प्रतिपक्षीय' भएको संकेत गरेका छन् । मधेशमा एउटै मोर्चा बनाउन बोलाइएको बैठकमा उनी सहभागी नहुनुलाई कतिपयले उनको अलग्गै रणनीति रहेको पनि बुझेका छन् ।

यादव भन्छन्, 'हामी न सत्तापक्षीय हो, न त प्रतिपक्षीय । अहिले हामी मध्यबिन्दुमा उभिएका छौं ।'

'मधेश केन्द्रित दलहरूको बैठक बहिस्कार गरेको होइन', स्पष्ट पार्दै उनले भने, 'माघे संक्रान्ति भएका कारण को कता परे, कता गए ।'

जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठीको पहलकदमीमा मधेश केन्द्रित दलहरूको बैठक बोलाइएका कारण त्यहाँ आफ्नो भूमिका गौण हुने देखेर यादव अनुपस्थित भएको हुन सक्ने विश्लेषण »» पृष्ठ २ मा

## चौतर्फी घेराबन्दीमा

२०७९ सालमा भएको प्रतिनिधिसभा निर्वाचनमा जसपा नेपालले १२ सिट ल्याएको छ । त्यसको डेढ वर्षपछि पार्टी फुटेर हाल ५ सिटमा सीमित छ। यसबाट यादवको पार्टी कमजोर हुँदै गएको देखिएको छ जबकि २०७४ सालमा जसपासँग १९ सांसद थिए ।

जसपा नेपाल अहिले चौतर्फी घेराबन्दीमा छ । यादवलाई अहिले अध्यक्ष प्रचण्डले पनि पत्याएका छैनन्, न त एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले नै उनलाई विश्वास गरेका छन् । समाजवादी मोर्चामा यादवलाई ल्याउन प्रचण्डको पनि अहिले खासै रुचि भने छैन ।

एमाले-कांग्रेसको गठबन्धन बन्दा सबैभन्दा पहिले समर्थन गर्ने यादव नै थिए । प्रधानमन्त्री ओलीले ६ साउनमा लिएको विश्वासको मत जसपा नेपालले पनि दिएको थियो तर उनी कांग्रेस-एमाले »» पृष्ठ २ मा

# अध्यादेशले काट्यो संसद्को अधिकार

अर्थ मन्त्रालयले बजेट प्रस्ताव गर्छ, संसद्ले पास गर्छ । कार्यपालिकाले कार्यान्वयन गर्छ । कार्यान्वयनको अडिट महालेखापरीक्षकको कार्यालयले गर्छ । अडिटको पनि अडिट गर्ने काम संसद्को अधिकार हो । तर, हालै जारी अध्यादेशले संसद्को यो अधिकार कटौती गरिदिएको छ



महालेखापरीक्षकले राज्य कोषको खर्चको अडिट गर्ने । महालेखाले बेरुजु देखाउने र उसैले सम्परीक्षण गर्ने भनेर आएको छ । यो कसरी हुन्छ ?

■ **राजेन्द्र के. सी.**
**सांसद, नेपाली कांग्रेस**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ८ माघ ।

सरकारले हालै ल्याएको एउटा अध्यादेशले संसद्को अधिकार कटौती गरिदिएको छ । सरकारको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेल गत २९ पुसमा 'आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व अध्यादेश, २०८१' जारी गरेका थिए, जसले संसद्को अधिकार कटौती गरिदिएको छ ।

सरोकारवालाहरूका अनुसार अर्थ मन्त्रालयले बजेट प्रस्ताव गर्छ, संसद्ले पास गर्छ । कार्यपालिकाले कार्यान्वयन गर्छ । कार्यान्वयनको अडिट महालेखापरीक्षकको कार्यालयले गर्छ । अडिटको पनि अडिट गर्ने काम संसद्को अधिकार हो ।

यो अधिकार प्रयोगका लागि प्रतिनिधिसभामा सार्वजनिक लेखा समिति रहने संवैधानिक व्यवस्था छ । लेखा समितिले सम्परीक्षण गर्ने कानुनी व्यवस्था छ। तर, हालै जारी अध्यादेशले संसद्को यो अधिकार कटौती गरिदिएको हो ।

नेपाली कांग्रेसका सांसद राजेन्द्र के. सी.का अनुसार राज्यकोषको खर्च संसद्ले चाहेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मीतव्ययितापूर्वक खर्च भए/नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य हो ।

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरु भएको हो । २०१६ सालमा निर्वाचित प्रतिनिधिसभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था गरिएको थियो । हाल नेपालको संविधानको धारा ९७ तथा संघीय संसद्, प्रतिनिधिसभा नियमावली, २०७५, को नियम १७२ मा सार्वजनिक लेखा समिति रहने व्यवस्था छ ।

सांसद के. सी.का अनुसार सरकारलाई संघीय संसद्प्रति उत्तरदायी र जबाफदेही बनाउनका लागि सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिने जिम्मेवारी लेखा समितिको हो ।

सार्वजनिक समितिको कार्यक्षेत्रअन्तर्गत सार्वजनिक लेखा र महालेखापरीक्षकको प्रतिवेदन तोकिएको छ । सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित »» पृष्ठ २ मा

## दिलबहादुरको तरक्की

# २० हजारको लगानी करोडौंका मालिक

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाची, ८ माघ ।

अर्घाखाँचीको शीतगंगा नगरपालिका- ४ का एक किसानले बंगुर र कुखुरा पालनबाट मनग्य आम्दानी गर्दै करोडौंका मालिक बन्न पुगेका छन् ।

शीतगंगा- ४ ठाडा अमराईका किसान दिलबहादुर गुरुङ व्यावसायिक बंगुर र कुखुरा पालनबाट मनग्य आम्दानी गर्दै अहिले त्यस क्षेत्रमा सबैभन्दा बढी सम्पत्ति जोडेर समाजसेवीको परिचयसमेत बनाउन सफल भएका छन् ।

२०६५ सालदेखि व्यावसायिक बंगुर र कुखुरा पालन गर्दै आइरहेका गुरुङले अहिले वार्षिक ७०-८० लाखसम्म आम्दानी गर्दै आइरहेको बताउँछन् ।

२० हजार रुपैयाँ लगानी गरेर २ वटा बंगुरबाट व्यवसाय सुरु गरेका गुरुङ अहिले डिग्रो, धराने, पोखेली तथा स्थानीय जात गरी २ दर्जन बंगुरका पाठापाठी तथा ब्रोइलर जातका कुखुराका चल्लाहरू सप्लाई गर्ने सप्लायर्सका रूपमा स्थापित बनेका छन् ।



सुरुमा २ वटा बंगुरबाट व्यवसाय सुरु गरेको हुँ । राम्रो आम्दानी हुन थालेपछि वृद्धि गर्दै आएँ । अहिले विभिन्न जातका ४ दर्जन बंगुरका माउ छन् । अहिले वार्षिक आम्दानी १ करोडको हाराहारी छ

विदेशका विभिन्न ठाउँमा पुगेर सफलता प्राप्त गर्न नसकेका गुरुङ अहिले भने १ दर्जन ४ पांग्रे गाडीका मालिकसमेत छन् । गुरुङले मध्यान्हसँग भने, 'सुरुमा २ वटा बंगुरबाट व्यवसाय सुरु गरेको हुँ । »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# दोहोरो मान्यता परिवर्तन नभएसम्म समस्या समाधान हुन सक्दैन : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले सरकारी तथा गैरसरकारी क्षेत्रमा रहेको दोहोरो मान्यता परिवर्तन नभएसम्म वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान नहुने बताएका छन् ।

वैदेशिक रोजगार बोर्ड सचिवालय र नेपाल वैदेशिक रोजगार व्यवसायी संघको संयुक्त आयोजनामा मंगलबार वैदेशिक रोजगारसम्बन्धी कानुन र स्वच्छ भर्नाका विषयमा आयोजित कार्यशाला गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा उपस्थित व्यवसायीहरूलाई सम्बोधन गर्दै मन्त्री भण्डारीले उक्त धारणा राखेका हुन् ।




मन्त्री भण्डारीले मन्त्रालयले करिब १० वर्षअघि लागू गरेको फ्री भिसा, फ्री टिकटको निर्णय कार्यान्वयनमा देखिएको असफलताले उक्त निर्णयमा परिवर्तन आवश्यक रहेको तर सरोकारवालाहरूबाट फरकफरक धारणा सार्वजनिक हुँदा अघि बढ्न समस्या रहेको बताए ।

उनले भने, 'खाडी मुलुकमा संसदीय निर्णयबाट »» पृष्ठ २ मा

## मधेशबाट १५ लाख बढी वैदेशिक रोजगारीमा

**कमल साह/मध्यान्ह**
जनकपुरधाम, ८ माघ ।

मधेश प्रदेशबाट २ दशकमा वैदेशिक रोजगारीका लागि १५ लाख बढी युवा-युवती विदेश गएका छन् । मधेश प्रदेशबाट आर्थिक वर्ष २०६३/०६४ देखि २०८१/०८२ को मंसिर महिनासम्ममा १५ लाख ७ हजारभन्दा बढी युवा-युवती वैदेशिक रोजगारीमा गएका छन् ।

चालू आर्थिक वर्षको ५ महिनामा पर्साबाट २ हजार ८५२, बाराबाट ५ हजार ६४७, रौतहटबाट ५ हजार ३८६, »» पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत लिइ सञ्चालनमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सदस्य संस्था प्याराडाइज इन्टरनेशनलका बारेमा यूएईको दुबईमा बसी टिकटकमा Branded Boku को आइडी र अन्य विभिन्न फेक आइडी खोली उक्त संस्थाविरुद्ध हुँदै नभएको कपोलकल्पित कथा बनाइ उक्त संस्थामाथि भ्रम सिर्जना गरेको प्रति यस संघको गम्भीर ध्यानाकर्षण भएको छ । केही समयदेखि वैदेशिक रोजगार व्यवसायीमाथि नियोजित र योजनाबद्धरुपमा सामाजिक सञ्जाल र युट्युबबाट मानमर्दन गर्ने, ब्ल्याकमेलिङ गर्ने, व्यवसायमा आँच पुऱ्याउने गरी भ्रामक समाचारको भिडियो प्रसारण गरिएको प्रति यस संघ आपत्ति व्यक्त गर्दछ ।

वैदेशिक रोजगार व्यवसाय संचालन गर्ने सिलसिलामा व्यवसायीहरुले वैदेशिक रोजगार ऐन, वैदेशिक रोजगार नियमावली, वैदेशिक रोजगार विभागको नीति निर्देशन र प्रचलित कानुनको पालना गरी व्यवसाय सञ्चलन गर्दै आएका छन् । व्यवसाय सञ्चालन गर्ने सिलसिलामा वैदेशिक रोजगार कम्पनी, कम्पनीका संचालक वा कर्मचारीले कानुन विपरीतको काम गरे, कामदार तथा कोही कसैलाई मर्कामा पारे, आफ्नो दायित्व पूरा नगरेमा त्यसउपर वैदेशिक रोजगार विभाग वा अन्य सम्बन्धित निकायमा उजुरी दिएमा कानुनी उपचार लिन पाउने व्यवस्था रहेको छ । तर सामाजिक सञ्जालको दुरुपयोग गर्दै कानुन हातमा लिनेगरी भ्रमपूर्ण, असत्य र कपोलकल्पित समाचार प्रकाशन, प्रसारण गर्ने कार्यप्रति संघ विरोध गर्दै यी यस्ता भ्रम फिजाउने र सामाजिकरुपमा क्षति पुऱ्याउने Branded Boku लगायत अन्य भ्रम सिर्जना गर्नेविरुद्ध कडा कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग माग गर्दछौं ।

मेघनाथ भुर्तेल
महासचिव

राजेन्द्र भण्डारी
अध्यक्ष

एवम्

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

९ माघ २०८१ बुधबार
22 January 2025, Wednesday

## २४औं सशस्त्र प्रहरी दिवस

# सम्मान तथा विविध कार्यक्रम

**मध्यान्ह संवाददाता**
काठमाडौं, ८ माघ ।

२४औं सशस्त्र प्रहरी दिवस, २०८१ को अवसरमा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भूमा मंगलबार सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालको प्रमुख आतिथ्यमा विशेष कार्यक्रम सम्पन्न भएको छ ।

अर्यालले सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमलाई निरन्तरता दिई थप रचनात्मक र भावनात्मक सहयोगका कार्यक्रमहरू संचालन गर्दै आइरहेको चर्चा गर्दै अन्तर्राष्ट्रिय सीमा जोडिएका जिल्लाका स्थानीय सर्वसाधारणहरूलाई जिम्मेवार र जबाफदेही बनाउँदै सशस्त्र प्रहरीसँगको सम्बन्धलाई थप प्रभावकारी बनाउँदै लैजाने बताए। उनले संगठनमा नीति, विधि र पद्धति रहेका र यिनलाई सबैले मनन गरी प्रणाली र पद्धतिलाई आत्मसात् गरी सबै कर्तव्यपथमा लाग्नुपर्छ भन्ने भावना लिएर अगाडि बढ्न निर्देशन दिए ।

**एपीएफ सम्मान**

महानिरीक्षक अर्यालले सशस्त्र प्रहरी बल नेपालका तर्फबाट पहिलो पटक ७ जेठ २०८१ बिहान १०:२० बजे सगरमाथाको सफल आरोहण गरी विश्वको सर्वोच्च शिखरमा संगठनको झण्डा फहराई संगठनको छवि उच्च बनाउन सफल सशस्त्र प्रहरी निरीक्षक सुरज पौडेललाई एपीएफ सम्मानद्वारा सम्मानित गरे ।



महानिरीक्षक अर्यालले कर्तव्य पालनाको शिलशिलामा मृत्युवरण गरेका सशस्त्र प्रहरी उपरीक्षक स्व. सुमन थपलियाको स्मृतिमा अक्षय कोष खडा गरी सोबापत प्राप्त हुने ब्याजबाट प्रत्येक वर्ष १ जनालाई वार्षिक २५ हजार रुपैयाँ राशिको 'बेस्ट इन्टिग्रिटी अफिसर अवार्ड' प्रदान गर्ने घोषणाअनुरूप यस वर्षको बेष्ट इन्टिग्रिटी अफिसर अवार्ड अवैध चोरी निकासी पैठारी, लागुऔषध ओसारपसारलगायतका सीमा अपराधहरू नियन्त्रणमा उल्लेखनीय कार्य गर्न सफल सशस्त्र प्रहरी बल प्रस्तावित सीमा सुरक्षा गुल्मका गुल्मपति सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज रिजाललाई प्रदान गरे ।

यसैगरी उत्कृष्ट फायरर सशस्त्र प्रहरी नायब उपरीक्षक आनन्द खनालसमेत ४ जना कर्मचारीहरूसमेत सोही अवसरमा पुरस्कृत भएका छन् ।

समारोहमा कर्तव्य पालनाको शिलशिलामा दिवंगत हुन पुगेका ३ जना अधिकृतहरूका श्रीमतीहरूलाई आर्थिक सहायता उपलब्ध गराउने उद्देश्यले स्थापित विपद् प्रकोप राहत कोषबाट उपलब्ध सहायता रकम हस्तान्तरण गरिएको थियो। त्यसैगरी कर्तव्य पालनाको शिलशिलामा साहसिक कार्य गर्ने २ जना सशस्त्र प्रहरी कर्मचारीसहित खेलाडी र कलाकार गरी १८ जना विशेष बढुवा भएकाहरूमध्ये २ जनालाई महानिरीक्षक अर्यालले दर्ज्यानी चिह्नसमेत प्रदान गरेका थिए ।

यसरी नै सशस्त्र प्रहरी नायब उपरीक्षक तथा संगीतकार सुरेश गैरे एपीएफ कला, साहित्य सम्मान तथा आईजी एपीएफ कमेन्डेसनबाट पुरस्कृत भएका छन् ।

सँगै, सहप्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापा एपीएफ दिवसको अवसरमा तेस्रो पटक पुरस्कृत भएका छन् । यसअघि २०औं र २१औं सशस्त्र प्रहरी दिवसमा समेत उत्कृष्ट कार्य गरेबापत डीएसपी थापा पुरस्कृत भएका थिए । २४औं सशस्त्र प्रहरी दिवसमा डिएसपी थापा आईजी एपीएफ कमेन्डेसनबाट पुरस्कृत भएका हुन् ।

सशस्त्र प्रहरीले बुधबार २४औं वार्षिकोत्सव भव्यताका साथ मनाउँदै छ ।

# ३१ लाख ठग्ने ३ पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ३१ लाख ठगी गरेको अभियोगमा ३ जनालाई काठमाडौं उपत्यकाका विभिन्न स्थानबाट पक्राउ गरिएको छ। बागलुङ ताराखोला गाउँपालिका-३ का तिलकबहादुर कार्की, प्युठान नौबहिनी गाउँपालिका- ६ का हरिबहादुर बिष्ट र स्याङ्जा गल्याङ नगरपालिका- ८ की जमुना परियारलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट परिचालन भएको टोलीले सोमबार अपाह्न पक्राउ गरेको हो। अभियुक्त परियारले २८ लाख, कार्कीले १ लाख र बिष्टले २ लाख रुपैयाँ ठगेको केन्द्रीय प्रहरी कार्यालयले जनाएको छ । उनीहरूलाई थप कारबाहीका लागि वैदेशिक रोजगार विभाग पठाइएको छ ।

## उपेन्द्र...

बैठकमा आउन नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले यादवलाई आफैं जानकारी गराएका थिए । बैठक बस्यो तर यादव गएनन् ।

यति मात्र होइन, ४ माघमा समाजवादी मोर्चाले गरेको पत्रकार सम्मेलनमा पनि उनी अनुपस्थित भए । मोर्चाको अर्को बैठक १६ माघमा बस्दै छ। त्यो बैठकमा पनि उनी सहभागी नहुने सम्भावना छ।

'समाजवादी मोर्चाको हामी प्रमुख घटक थियौं तर माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले विश्वासघात गर्नुभयो', यादवले मध्यान्हसँग भने । 'प्रचण्डजी प्रधानमन्त्री हुनुहुन्थ्यो र हामी समाजवादी मोर्चामा थियौं तर उहाँले हाम्रो दललाई तोड्ने र फुटाउने काम गर्नुभयो । अब हामी मोर्चामा जान सक्दैनौं, जाने अवस्था पनि छैन । प्रचण्डजी धोकेबाज हुन्', उनले भने ।

प्रचण्डले सत्ताको खेलमा लागेर आफ्नो पार्टीलाई फुटाएर कमजोर बनाउन खोजेको गुनासो यादवको छ । 'मोर्चामै सम्मिलित दललाई विभाजित गरेर प्रचण्डले सत्ता स्वार्थ पूरा गर्न खोजेको बुझाइ यादवको छ ।

कांग्रेससहितको सत्ता गठबन्धन टिकाउन प्रचण्डले रणनीतिक रूपमा समाजवादी मोर्चा गठन गरेका थिए। माओवादी केन्द्र, नेकपा एस, जसपा नेपाल, नेपाल समाजवादी पार्टी (महिन्द्र यादव) र नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा मोर्चामा थिए ।

मार्चामै रहँदा अशोक राईको नेतृत्वमा जसपा बन्यो । पार्टी फुटका कारण यादवले प्रचण्डलाई मानेका छन् ।

पार्टी फुटेपछि यादव अघोषित रूपमा समाजवादी मोर्चाबाट बाहिरिएका हुन् । तर, प्रचण्ड र नेपाल यादवलाई फकाएर मोर्चामा फेरि जोड्ने भगीरथ प्रयासमा छन् । 'प्रचण्डले पिठ्युँमा छुरा रोप्नुभयो । उहाँसँग बस्ने र समाजवादी मोर्चामा रहेर काम गर्ने स्थितिमा जसपा नेपाल छैन', यादव भन्छन् ।

माओवादी अध्यक्ष प्रचण्ड दाउपेचको राजनीति गर्ने चतुर अवसरवादी खेलाडी भएको जसपाको ठहर छ । सरकार ढलेपछि प्रचण्डले शक्ति आर्जन गर्न सबैतिर हेरफेर गरिरहेको र आफ्नो पार्टी फुटाएको बारे प्रचण्डले स्वीकार गरिसकेको दाबी अध्यक्ष यादवको छ ।

अध्यक्ष यादवले आफू समाजवादी मोर्चामा नभएपछि मधेश केन्द्रित दलहरूबीच गरिने मुद्दामा सहकार्य गर्न तयार रहेको बताए ।

मधेश केन्द्रित दलहरूबीच एकता र मोर्चाबन्दी गर्ने पक्षमा आफू रहेको उनी बताउँछन् । अधिकार, पहिचान, समावेशिता, संघीयता मधेश केन्द्रित दलहरूको प्रमुख एजेन्डा भएको उनको भनाइ छ ।

मधेशका मुद्दामा सहकार्य गर्ने बताइरहँदा १ माघमा बसेको मधेश केन्द्रित दलहरूको बैठकमा उनी किन अनुपस्थित भए त ? यसले उनको दोहोरो भूमिका देखिएको आशंका पनि गरिँदै छ ।

उक्त बैठकमा न आफैं सहभागी भए, न त पार्टीका तर्फबाट अरू कसैलाई पठाए । यद्यपि, बैठक बहिस्कार गर्ने नीति आफ्नो दलको नभएको यादवको भनाइ छ ।

## न सत्तापक्षका...

पनि गरिएको छ ।

त्यसपछि बसेको सत्तापक्षीय मधेश केन्द्रित दलहरूको बैठकमा जसपा नेपाललाई बोलाइएको थिएन ।

२०७९ सालको निर्वाचनपछि जसपा नेपाल विभाजित भई अशोक राई, इस्तियाक राईलगायत नेताहरूले जसपा निर्माण गरेपछि यतिबेला जसपा नेपाल र जसपाका नेताहरूबीच पानी बाराबारको अवस्था छ। यतिबेला राई नेतृत्वको जसपा सरकारमा छ । पार्टीबाट नवलकिशोर साह र प्रदीप यादव सरकारमा छन् । तर, जसपा नेपालले बाहिरबाट सरकारलाई समर्थन गरेको छ ।

## चौतर्फी...

गठबन्धनमा भने छैनन् ।

एमाले-माओवादीको गठबन्धनको सरकार हुँदा अध्यक्ष यादव विपक्षी गठबन्धन कांग्रेसको साथमा थिए। कांग्रेसले एमालेसँग गठबन्धन बनाएपछि जसपा नेपाल बाहिर नै छन्। तर, मधेशको अर्को घटक लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) भने सरकारमा छ।

संघीय सरकारमा जसपा नेपाललाई सहभागी नगराएपछि उसले मधेश प्रदेशमा गठबन्धनलाई साथ दिएन । जनमत पार्टीको नेतृत्वमा बनेको सरकारको विपक्षमा जसपा नेपाल उभिएको थियो ।

कांग्रेस, एमाले, माओवादीसँग मात्र होइन, एकताका लागि एक समय प्रक्रिया सुरु गरिसकेको नेकपा एससँग पनि अहिले जसपा नेपालको सम्बन्ध छैन । मधेश केन्द्रित दलमध्ये जनमत पार्टी, लोसपा पनि जसपा नेपालको राम्रो सम्बन्ध छैन ।

कांग्रेस-एमाले गठबन्धनसँग जसपा नेपालले मधेश प्रदेश सरकारमा दाबी गरेको थियो बरु संघीय सरकार चाहिँदैन तर मधेश प्रदेश सरकार आफूलाई दिन जसपा नेपालको जोड थियो। जसपा नेपालको मागमा कांग्रेस सकारात्मक देखिए पनि एमालेले जनमत पार्टी नेतृत्वकै मधेश प्रदेश सरकारलाई निरन्तरता दियो । त्यसपछि जसपा नेपाल विपक्षमा बस्ने निर्णय गर्न बाध्य भयो ।

मधेशमा जनमत पार्टीले जसपा नेपाललाई ठाउँठाउँमा घेरा हालेको छ भने केन्द्रमा लोसपा नेपालले उसको बाटो अवरोध गरेको छ ।

जसपा नेपाल विभाजन भएपछि तत्कालीन एमाले-माओवादी केन्द्र नेतृत्व सरकारबाट समर्थन फिर्ता लिएका अध्यक्ष यादवले त्यही दिन लोसपाका अध्यक्ष महन्थ ठाकुरलाई भेट गरी सहकार्यका लागि आग्रह गरेका थिए । तर, ठाकुरले 'देखेंगे' भन्ने जबाफ दिएपछि उनीहरूबीच त्यसयता कुराकानी भएको छैन ।

पछिल्लो समय सबै दलसँग सहकार्य टुटेको जसपा नेपालको आगामी रणनीति के हुने हो भन्ने अझै स्पष्ट भएको छैन ।ब

## अध्यादेशले...

बेरुजु जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही कानुनसंगत र औचित्यपूर्ण तवरबाट भए/नभएको अध्ययन गरी निर्देशन दिन सक्छ । यही अधिकार कटौती हुनेगरी अध्यादेश आएको हो ।

उनी प्रश्न गर्छन्, 'महालेखा परीक्षकले राज्य कोषको खर्चको अडिट गर्ने । महालेखाले बेरुजु देखाउने र उसैले सम्परीक्षण गर्ने भनेर आएको छ। यो कसरी हुन्छ ?'

लेखा समितिमा महालेखापरीक्षकको प्रतिवेदनमाथि छलफल चलिरहेका बेला महालेखापरीक्षकको कार्यालयले नै बेरुजु फछर्योट भएको भनेर भन्न सक्ने र त्यसको सूचना लेखा समितिलाई दिए पुग्ने व्यवस्था अध्यादेशमा छ ।

## २० हजारको...

राम्रो आम्दानी हुन थालेपछि वृद्धि गर्दै आएँ र अहिले विभिन्न जातका ४ दर्जन बंगुरका माउ छन् । तिनलाई पालन गर्दै आइरहेको छु । अहिले वार्षिक आम्दानी १ करोडको हाराहारी छ ।'

दाना, कुखुराका चल्ला, ब्रोइलर कुखुरा, तरकारीको होलसेल गरेका गुरुङ अहिले सामाजिक काममा पनि उत्तिकै सक्रिय छन् । गाउँको विकासमा दिनरात नभनी दौडिरहेका छन् ।

अरूभन्दा बंगुर, कुखुरा, दाना, चल्लाबाट राम्रो आम्दानी भइरहेको गुरुङको भनाइ छ । गुरुङले भने, 'सुरुमा बंगुर पालन गर्न त गाह्रो नै भयो । फोहोर बढी गर्ने भएकाले कठिनाइ थियो तर आजभोलि बानी परिसकें । सामान्य नै लाग्छ । बंगुरको सेवा गर्ने ५ जना कर्मचारी पनि छन् ।'

गुरुङ व्यावसायिक कर्मसँगै राजनीतिमा पनि सक्रिय छन् । अहिले उनी नेपाली कांग्रेसको वडा सभापति छन् ।

बंगुर, कुखुरा, दाना र चल्लाको बजारीकरणका लागि खासै समस्या नरहेको बताए । उनले फर्मबाटै साना बंगुरका पाठापाठी ५ हजारसम्ममा विक्री भइरहेकाले आम्दानी पनि राम्रो हुने गरेको सुनाए । बंगुर पालन व्यवसायलाई अझै विस्तार र व्यवस्थित गर्ने सोचमा रहेको दिलबहादुरको भनाइ छ ।

आफ्नै लगानी तथा प्रयासबाट स्वरोजगार, घर परिवार र समाजमा इज्जतका साथ बस्न पाउँदा सन्तुष्ट रहेको उनको भनाइ छ । वर्षको ४ पटकसम्म ब्याउने बंगुरले १ पटकमा १२ देखि १६ वटासम्म बच्चा जन्माउने भएकाले व्यवसाय बढाउन खासै समस्या नहुने गुरुङको बताउँछन्।

गुरुङकी श्रीमती लक्ष्मीले कृषि सहकारी संस्था संचालन गरेकी छन्। उनका छोराहरू सबै व्यापारी हुन् भने गुरुङ परिवारले अहिले ४ पांग्रे गाडीको ठूलो ग्यारेज संचालन गरेको छ।

गुरुङले कुखुरा र बंगुरको व्यापारबाट कमाएको पैसाले ठाडा बजारमा २ वटा सुविधा सम्पन्न पक्की घर र तराईका जिल्लामा जग्गाका साथै ४ पांग्रे गाडीहरू जोडेका छन् ।

## दोहोरो...

महिला घरेलु कामदार पठाउन रोकेका छौं तर समस्या समाधान भएको छैन । वैदेशिक रोजगारमा फ्री भिसा र फ्री टिकट पनि त्यस्तै अवस्था छ ।'

मन्त्री भण्डारीले वैदेशिक रोजगारको लागत र सेवा शुल्कका विषयमा अनिर्णयको अवस्थामा रहन नहुनेमा जोड दिए । उनले भने, 'फ्री भिसा, फ्री टिकटको निर्णय पुनरावलोकनका विषयमा असहमति जनाएका ट्रेड युनियनदेखि अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले प्रस्ट धारणा राख्ने बेला आएको छ । हिप्पोक्रेसी अपनाउनुभएन, वैदेशिक रोजगारलाई व्यवस्थित गर्न सबै पक्ष प्रस्ट हुनुपर्ने अवस्था आएको छ ।'

मन्त्री भण्डारीले मिटर ब्याजको दुश्चक्रबाट वैदेशिक रोजगारमा जाने ग्रामीण क्षेत्रका विपन्न युवा-युवतीलाई ऋणको पासोबाट बचाउन सरकारले मौद्रिक नीतिमार्फत ऋण दिने गरेको व्यवस्थाको पनि कतिपय क्षेत्रबाट विरोध भएकाले त्यस्तो विरोध पनि व्यावहारिक नभएको जिकिर गरे ।

स्वच्छ एवं मर्यादित भर्ना प्रक्रियाबाट वैदेशिक रोजगारमा रहेका खराबी अन्त्य गरी यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सरोकारवालाहरूका बीच सहकार्य, सेवाहरूको डिजिटिलाइजेसन र एकद्वार प्रणाली आवश्यक रहेको बताए ।

मन्त्री भण्डारीले संस्थागतभन्दा व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा पठाउने डरलाग्दो अवस्था उत्पन्न भएकाले गलत प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक रहेकामा पनि जोड दिए । उनले वैदेशिक रोजगार क्षेत्रमा रहेका बिचौलिया समाप्त गर्न पनि आवश्यक रहेकामा जोड दिए ।

त्यसअघि संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरण गर्न संख्या सयको बाध्यता हटाउन आग्रह गरेका थिए । जबाफमा मन्त्री भण्डारीले त्यसका लागि व्यवसायीहरू इमान्दार हुनुपर्ने बताए । उनले भने, '२ पटक मन्त्रिपरिषद्बाट निर्णय गरेर समस्या समाधान गरेको तर केही व्यवसायीको बाहिर राम्रो आर्थिक हैसियत छ तर संस्थागत रूपमा १ जना पनि कामदार पठाएको अवस्था छैन । किन यस्तो हुन्छ ? त्यस्ता संस्थामा जोडिएका गैरजिम्मेवार व्यक्ति को हो ? हामीले त्यसको उत्तर खोज्नुपर्ने भएको छ ।'

मन्त्री भण्डारीले युरोपेली मुलुकमा रहेको मागपत्र प्रमाणीकरण समस्या छिटो समाधान हुने आश्वासन पनि दिए । उनले भने, 'परराष्ट्र मन्त्रालयसँग श्रम मन्त्रालयको राम्रो सम्बन्ध रहेको छ । हाल सुशासन ऐन परिमार्जन भएकाले युरोपको मागपत्र प्रमाणीकरण हुन्छ, सबै देश खुल्छ । तपाईंहरू पनि इमान्दार, खुला, पारदर्शिता र मर्यादित हुनुपर्ने छ ।'

वैदेशिक रोजगार विभागका महानिर्देशक सूर्यबहादुर क्षेत्रीले वैदेशिक रोजगारीमा जाने कामदारप्रति इमान्दार र विभागप्रति उत्तरदायी हुन व्यवसायीहरूलाई सुझाव दिए । सबै वैदेशिक रोजगार व्यवसायी खराब रहेका भन्ने बुझाइ ठीक नभएको भन्दै बीचमा रहेका लेयर अर्थात् बिचौलियाको अन्त्य गर्न पनि उनले सुझाव दिए ।

महानिर्देशक क्षेत्रीले केही व्यवसायीमा अटेरीपन बढेको आफ्नो अनुभव रहेको भन्दै अटेरी व्यवसायीलाई जरिमाना गरेर नसियत दिइरहेको बताए । उनले वैदेशिक रोजगारीमा जाने युवा-युवतीलाई व्यवसायीले आफ्ना छोरा-छोरी सम्झेर व्यवहार गर्नुपर्ने बताए ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले नीतिगत अस्थिरता, मागपत्र प्रमाणीकरण र संख्या सयको समस्या तत्काल समाधान गर्न माग गरे । सुधारका पक्षमा सहकार्य गर्न व्यवसायीहरू हरबखत तयार रहेको तर व्यवसाय संचालनमा रहेका प्रतिकूल प्रावधान हटाउनुपर्ने माग गरे ।

कार्यक्रम बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीको सभापतित्वमा भएको थियो । कार्यशाला गोष्ठी बुधबारसम्म संचालन हुने बोर्डका निर्देशक टीकाराम ढकालले जानकारी दिए ।

## मधेशबाट...

सर्लाहीबाट ८ हजार ८११, महोत्तरीबाट १२ हजार १२८, धनुषाबाट १७ हजार ३७३, सिरहाबाट १३ हजार ४५३ र सप्तरीबाट ७ हजार ७८६ सहित जम्मा ७३ हजार ४३६ जना वैदेशिक रोजगारीमा गएका छन्।

५ महिनाको तथ्यांकअनुसार सबैभन्दा बढी धनुषाबाट युवा-युवतीहरू वैदेशिक रोजगारीमा गएका देखिन्छ। दोस्रोमा सिरहा, तेस्रोमा महोत्तरी छन्। नेपालबाट सबैभन्दा बढी युवा-युवती वैदेशिक रोजगारीमा जाने जिल्लामा धनुषा जिल्ला विगत ५ वर्षदेखि पहिलो स्थानमा रहँदै आएको सुरक्षित आप्रवासन (सामी) कार्यक्रम धनुषाका संयोजक सौरभ कर्णले जानकारी दिए। उनका अनुसार आर्थिक वर्ष २०६३/०६४ देखि २०८१/०८२ को मंसिर महिनासम्म धनुषाबाट ३ लाख ५३ हजार ५१५ जना, सिरहाबाट २ लाख ७१ हजार ६६५ जना र महोत्तरीबाट २ लाख ६५ हजार ३४३ जना वैदेशिक रोजगारीमा गएका छन् ।

त्यस्तै, सप्तरीबाट १ लाख ७८ हजार ५८६ जना, सर्लाहीबाट १ लाख ७५ हजार ६३८ जना, रौतहटबाट १ लाख ३ हजार ६१४ जना, बाराबाट ९८ हजार ८५४ जना र सबैभन्दा कम पर्साबाट ५९ हजार ८३० जनासहित कुल १५ लाख ७ हजार ४५ जना युवा-युवती वैदेशिक रोजगारीमा गएका छन् ।

'मित्र धनुषा'द्वारा वैदेशिक रोजगारीमा जानेलाई सहयोग दिन सामी परियोजना संचालन भइरहेको छ । मित्र धनुषाका कोषाध्यक्ष मञ्जु ठाकुर र सामीका परामर्शदाता उमेशकुमार पासवानले विदेश जाने व्यक्तिहरूलाई पासपोर्ट, भिसा, श्रम स्वीकृति, मेडिकल रिपोर्ट, बीमा, कल्याणकारी कोष, सम्झौतापत्र, अभिमुखीकरण तालिम प्रमाणपत्र, हवाई टिकटसमेत २२ प्रकारका कागजातको फोटो खिचेर आफ्नो मोबाइलमा राख्न र १/१ प्रति कागजात घरमा दिन सुझाव दिएका छन् ।


## कृष्णपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
गुलरिया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतिका लागि छनौट गर्ने आशयको सूचना**

**प्रकाशित मिति :- २०८१/१०/०९**

यस नगरपालिकाबाट बिभिन्न मितिमा प्रकाशित तपशीलको कार्य गर्ने सूचना वमोजिम दर्ता हुन आएका बोलपत्रहरुको मूल्याङ्कन हुँदा न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही बोलपत्र देहाय वमोजिम ठहरी स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ प्रयोजनकालागी यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाता | कबोल अंक रु. कर तथा पी.एस. सहीत |
|---|---|---|---|
| 20-RBT-2081/082 | बंक, निगाली, मछेली किनार, कटान रिङ्गरोड (वडा नं. १, २, ३ को बहुबर्षिय योजना) कालोपत्रे | श्री शिखरवासि भुमिराज निर्माण सेवा, भिमदत्त १५ कञ्चनपुर | ८१,६४,५२१।८४ |

अन्य सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाबाट जानकारी गराइएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

## सुर्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
दौलिचौर, बझाङ्ग
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८१/१०/०९ गते)**

यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको खरिद कार्यका लागि बोलपत्र आह्वान गरिएकोले ईच्छुक बोलपत्रदाताहरूले यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतिस) दिनभित्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको विद्युतीय प्रणाली (http://www.bolpatra.gov.np/egp) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :**

| सि.न. | ठेक्का विवरण | अनुमानित लागत रकम (मू.अ. कर समेत) | बोलपत्र जमानत | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १. | SRM/SDCK/WORKS/04/2081/82 Construction of works seldogadi sichai kulo nirman Surma - 02 | रु. ४८,१८,७६०.३८। | रु १,२५,०००। | रु. ३,०००। |
| २. | SRM/NPDN/WORKS/05/2081/82 Construction of works naghar patiudi dhal nikas Surma - 02 | रु. ४९,१५,१९५.९३। | रु १,२५,०००। | रु. ३,०००। |
| ३. | SRM/CSKN/WORKS/06/2081/82 Construction of works chaud sichai kulo nirman Surma - 01 | रु. ४७,७३,२३०.९३। | रु १,२०,०००। | रु. ३,०००। |

थप जानकारीको लागि यस कार्यालय एवम् सार्वजनिक खरिद अनुगमनको कार्यालय (http://www.bolpatra.gov.np/egp) मा सर्म्पक राख्न सकिने छ ।

**जिल्ला पर्सा वी. उप. म. न. पा. वडा नं.- १५ परिवर्तित भई कायम ऐ. वी. म. न. पा. वडा नं.- १२ बस्ने अब्दुल मजिद देवानको छोरा वर्ष ५९ को नुरुलहक देवानको नाउँको अधिकृत वारेसनामा बदर गरी दिएको बारे सूचना**

**दोस्रो पटक प्रकाशित मिति २०८१/१०/०९**

उपरोक्त सम्बन्धमा जिल्ला ललितपुर ललितपुर महानगरपालिका वडा नं.- १४ बस्ने वर्ष ५० की म खगिन्द्रश्वरी राईले आफ्नो नाउँ दर्ताको जिल्ला पर्सा सुगौली दा. पु. वडा नं.- ५ कि. नं. १९ को ज. वि. ०-१०-८ (३५२१.७४ व. मि.) तथा ऐ. ऐ. कि. नं. २० को ज. वि. ०-१५-१९ (५४०१.१२ व. मि.) जग्गा बेच बिखन, हक हस्तान्तरण, दान दातव्य, दृष्टिबन्धक, राजीनामा इत्यादि गर्नलाई मिति २०८०/०२/३१/४ मा श्री पर्सा जिल्ला अदालतबाट अधिकृत वारेसनामा दिएकोमा हालसम्म उल्लेखित जग्गा विक्री वितरण, दान दातव्य, हक हस्तान्तरण, दृष्टिबन्धकलगायतको कार्य नभई बाँकी रहेको र सो कार्य म जग्गा धनी आफैं गर्ने भई अधिकृत वारेसको कुनै प्रयोजन नरही समाप्त भैसकेकोले तपाईंलाई दिएको अधिकृत वारेसनामा आजैको मितिदेखि बदर गरी सो सम्बन्धमा नेपालको राष्ट्रिय स्तरको दुई पत्रिकामा सूचनासमेत प्रकाशित गरी अधिकृत वारेस बदर गरिदिएको सूचना तपाईंलाई दिइएको छ । तपाईंलाई दिएको अधिकृत वारेसनामा बदर गरिदिएकोले सोअनुसारको कुनै कार्य नगर्नु होला ।

**सूचनाकर्ता**
**खगिन्द्रश्वरी राई..... १**
**इति सम्वत् २०८१ साल माघ ८ गते रोज ३ शुभम् ।**

# मलेसियालाई नेपालको पर्यटनसँग जोड्न पहल गर्ने राजदूत तिमल्सिनाको प्रतिबद्धता



**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, ८ माघ

मलेसियाका लागि नवनियुक्त नेपाली राजदूत डा.नेत्रप्रसाद तिमल्सिनाले मलेसियालाई नेपालको टुरिजमसँग जोड्न पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

राजदूतावासको सभाहलमा गैरआवासीय नेपाली संघ मलेसियासँगको परिचयात्मक कार्यक्रममा उनले नेपाली मौलिकतालाई सबैसँग पुर्‍याउँदै मलेसियालाई पनि नेपालको टुरिजसँग जोड्न पहल गर्ने प्रतिबद्धता जनाए । यसका लागि सबैको दायित्व उत्तिकै रहेको र दूतावासको तर्फबाट आफू र आफ्नो नेतृत्व सदैब सकारात्मक रहने बताए ।

यस्तै उनले पारस्परिक सहयोग भाव राखेर नेपाल र नेपाली समुदायको हकहितको संरक्षणमा लाग्ने पनि बताए । भेटका क्रममा राजदूत तिमल्सिनाले नेपाललाई लगानीसँग जोड्न एनआरएनएले खेलेको भूमिकाको प्रशंसा गरेका थिए ।

दूतावासबाट दिइँदै आएका सेवाहरुलाई थप प्रभावकारी, मर्यादित कसरी बनाउने ? भन्ने छलफलका क्रममा उठेका प्रश्नहरुको उत्तर दिँदै डीसीएम मुद्दिता बज्राचार्य, प्रथम सचिव बलिराम धामीले सेवाग्राही र सेवा प्रदायकबीच समन्वयता बढाउन आफूहरु लागि परिरहेको बताएका थिए । उनीहरुले आएका सुझावहरुलाई ग्रहण गर्दै परिमार्जित गर्दै लैजाने प्रतिबद्धता जनाए ।

कार्यक्रममा एनआरएनए मलेसियाका अध्यक्ष राकेश प्रसाद महतो, उपाध्यक्ष हेमराज सापकोटा, आइसीसी सदस्य टेक टमेटा, युवा तथा खेलकुद संयोजक राजु तामाङ, संरक्षक चोलाकान्त पंगेनीलगायतको उपस्थिति रहेको थियो ।

## लागुऔषधसहित पक्राउ

**रौतहट/मस**–रौतहटबाट लागुऔषधसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा चन्द्रपुर नगरपालिका वडा नम्बर ४ का ३४ वर्षीय प्रचण्डबहादुर थापा रहेका छन् । जिल्ला प्रहरी कार्यालय रौतहटका निमित्त सूचना अधिकारी तथा प्रहरी निरीक्षक राम कुमार महतोका अनुसार थापालाई चन्द्रपुर ४ बाट पक्राउ गरिएको हो । उनको साथबाट १ ग्राम खैरो हिरोइन बरामद गरिएको छ । उनलाई लागुऔषध मुद्दामा रौतहट जिल्ला अदालतबाट म्याद लिइ थप अनुसन्धान भइरहेको प्रहरी निरीक्षक महतोले जानकारी दिए ।

## लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/१०/०९ गतेको मध्यान्ह राष्ट्रिय दैनिक

तपाई तपसिलका ऋणीहरुले यस विकास बैंकबाट लिनु भएको ऋण रकम यस बैंकसँग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समयमा भुक्तान नगरी, नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिएको छ । उल्लेखित मिति भित्रमा बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना व्याज समेत चुक्ता भुक्तान नभएमा यस बैंकलाई कर्जा सुरक्षण वापत लेखि दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पत्ति प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम विक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानून वमोजिम कारबाही गरी बैंकले आफ्नो लेना रकम असुल उपर गरिनुका साथै तपाई ऋणी तथा सम्बद्ध सबैलाई समेत नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा सूचीकृत गर्न सिफारिश गरी पठाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण |
|---|---|---|
| १. | **नाम : चिरञ्जीवि थापा**<br>बाबुको नाम : डम्बर बहादुर थापा<br>बाजेको नाम : अर्जुन बहादुर थापा<br>ठेगाना : उर्लाबारी - २, मोरङ<br>हाल : टोखा - ६, काठमाडौं<br>ना.प्र.प.नं. : ०५-०२-७६-०६४०६<br>जि.प्र.का. मोरङ<br>जारी मिति : २०७६/१२/०६<br>**शाखा कार्यालय : डिल्लीबजार** | **नाम : महेश थापा**<br>बाबुको नाम : लिला बहादुर थापा<br>बाजेको नाम : अम्बर बहादुर थापा<br>ठेगाना : टोखा - ४, काठमाडौं<br>ना.प्र.प.नं. : ४३३/८८३२<br>जि.प्र.का. काठमाडौं<br>जारी मिति : २०५२/१०/१४ |
| | **धितोको विवरण** | |
| | चिरञ्जीवि थापाको नाममा मालपोत कार्यालय टोखामा दर्ता रहेको धापासी - ६, काठमाडौं स्थित कित्ता नं. ४९ को क्षेत्रफल ६१४.८० ब.मि. को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| २. | **नाम : शुनिल क्षेत्री**<br>बाबुको नाम : कृष्ण के.सि., बाजेको नाम : ललित पाध्य<br>ठेगाना : कुश्मीशेरा - १, बाग्लुङ्ग, हाल : फलेवास - ६, देविस्थान, पर्वत<br>ना.प्र.प.नं. : ५०१०२४/२७००२, जि.प्र.का. बाग्लुङ्ग, जारी मिति : २०६८/०६/१३<br>**शाखा कार्यालय : पातिचौर** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : सन्तोष क्षेत्री**<br>बाबुको नाम : कृष्ण के.सि.<br>बाजेको नाम : ललित पाध्य<br>ठेगाना : कुश्मीशेरा - १, बाग्लुङ्ग<br>हाल : फलेवास - ६, देविस्थान, पर्वत<br>ना.प्र.प.नं. : ५०१०४०/३०२२<br>जि.प्र.का. बाग्लङ्ग<br>जारी मिति : २०६४/०८/०९ | **२. नाम : हुमा के.सि.**<br>पतिको नाम : कृष्ण के.सि.<br>ससुराको नाम : ललित पाध्य<br>ठेगाना : कुश्मीशेरा - १, बाग्लुङ्ग<br>हाल : फलेवास - ६, देविस्थान, पर्वत<br>ना.प्र.प.नं. : ५०३०२४/२१४<br>जि.प्र.का.: पर्वत<br>जारी मिति : २०६३/१०/१७ |
| | **३. नाम : थमु सुवेदी**<br>पतिको नाम : शुनिल क्षेत्री, ससुराको नाम : कृष्ण के.सि<br>ठेगाना : कुश्मीशेरा - १, बाग्लुङ्ग, हाल : फलेवास - ६, देविस्थान, पर्वत<br>ना.प्र.प.नं. : ३६२००५/३७९२, जि.प्र.का. नवलपरासी, जारी मिति : २०७०/१२/१० | |
| | **धितोको विवरण** | |
| | हुमा के.सि. को नाममा मालपोत कार्यालय पर्वतमा दर्ता रहेका देविस्थान - ८, पर्वत स्थित कित्ता नं. ३३५ को क्षेत्रफल ०-१-३-२ को जग्गा, सो जग्गामा बनेको घर र सो चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको विवरण** | |
| ३. | **नाम : राजेश श्रेष्ठ**<br>बाबुको नाम : राम कुमार श्रेष्ठ, बाजेको नाम : मन कुमार श्रेष्ठ<br>ठेगाना : लेखनाथ - ३, कास्की<br>ना.प्र.प.नं. : ४६३००२/८८३, जि.प्र.का. कास्की, जारी मिति : २०६३/१०/२२<br>**शाखा कार्यालय : रामबजार** | |
| | **व्यक्तिगत जमानत दिनेको विवरण** | |
| | **१. नाम : राम कुमार श्रेष्ठ**<br>बाबुको नाम : मन कुमार श्रेष्ठ<br>बाजेको नाम : चोक नारायण श्रेष्ठ<br>ठेगाना : लेखनाथ - ९, कास्की<br>ना.प्र.प.नं. : २४३<br>जि.प्र.का. कास्की<br>जारी मिति : २०४७/०२/२४ | **२. नाम : दिपा श्रेष्ठ**<br>पतिको नाम : राम कुमार श्रेष्ठ<br>ससुराको नाम : मन कुमार श्रेष्ठ<br>ठेगाना : लेखनाथ - ३, कास्की<br>ना.प्र.प.नं. : ४६१००२/१००६<br>जि.प्र.का. कास्की<br>जारी मिति : २०६५/०१/१८ |
| | **धितोको विवरण** | |
| | दिपा श्रेष्ठको नाममा मालपोत कार्यालय कास्कीमा दर्ता रहेको अघौं -९, कास्की स्थित कित्ता नं. १७८८ को क्षेत्रफल १-१०-२-३ को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रीय कार्यालय: सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं**
**फोन नं. ०१-४५१३२३२, ४५१३२३४, ४५२१६९६,**
**फ्याक्स नं. ०१-४५१३५२६**

---

**Province Government**
## Ministry of Water Supply, Irrigation and Energy
## Water Resources & Irrigation Development Division, Bhojpur
**Koshi Province, Nepal**

### Notice for Financial Bids Opening

**Date of Publication: 2081/10/09 (22nd January, 2025)**

Pursuant to Clauses ३१ ज (५) of the Public Procurement Regulation 2064 (including amendments), this is to notify all concerned bidders that, in reference to the notice published on २०८१/०३/14) 30th July 2024) in the "Nepal Samacharpatra Rastriya Dainik" National daily Newspaper, the result of the evaluation of the Technical Proposals of the Bidders for **Contract No.- IMEP/BHOJPUR/B-1a/CW-22** and **Contract No.- IMEP/BHOJPUR/B-1a/CW-23** are presented below.

| Contract No.- IMEP/BHOJPUR/B-1a/CW-22 | | Remarks | |
|---|---|---|---|
| Bidder No. | Name of Bidders | | |
| 1 | M/S YPR BIJAYA JV | Non-Responsive | does not meet the requirements as specified by Clause 2.3.3 (Financial Resources). |
| 2 | M/S SAFAL BUILDERS COMPANY PVT.LTD. | Responsive | |
| 3 | M/S RUJAN K. NIRMAN SEWA PVT.LTD. | Responsive | |
| 4 | M/S SAGARMATHA GHIMIRE NIRMAN SEWA PVT.LTD. | Responsive | |
| 5 | U.D. BUILDERS COMPANY PVT.LTD | Responsive | |
| 6 | SANJIB NIRMAN SEWA PVT.LTD. | Responsive | |
| 7 | M/S BELTAR-MUKUL JV | Responsive | |
| 8 | M/S PRITHIVI-PRIME JV | Responsive | |

| Contract No.- IMEP/BHOJPUR/B-1a/CW-23 | | Remarks | |
|---|---|---|---|
| Bidder No. | Name of Bidders | | |
| 1 | M/S MUKUL NIRMAN SEWA | Responsive | |
| 2 | M/S RUJAN K. NIRMAN SEWA PVT.LTD. | Responsive | |
| 3 | U.D. BUILDERS COMPANY PVT.LTD. | Responsive | |
| 4 | Y.P.R NIRMAN SEWA PVT.LTD. | Responsive | |

The substantially responsive bidders are requested to attend the Financial Proposal opening to be held at 13:00 hours on 31st January, 2025 (2081/10/18) at **Water Resources and Irrigation Development Division, Bhojpur.**

**Division Chief**

---

## Department of Road
## Road Division, Janakpur
**Dhanusha**

### Invitation for Online Bids

**Notice No.: RDJKR/081-82/08**

**Date of publication: 2081/10/09 (22nd Jan 2025)**

1. 203 Roads Division Janakpur invites online bids under e-procurement system from eligible bidders for the procurement of following works:

| S. N. | Contract Identification Number | Description and Location of Works | Estimate Amount without VAT& PS (NRs.) | Bid Security Amount (NRs | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|
| 1 | RDJKR/33701169 /081/82/95 | Road Upgrading works along Bhanubhakta Tole Sunar Majhi Gau Dhadkhola sadak Tallo Tulsi, Dhanusha | 13,744,338.33 | 380,000 | 3,000 |
| 2 | RDJKR/33701138 /081/82/96 | Road Upgrading Works along Godar (Dhanusha) -Chisapani - Mainawati - Kalapani - Dudhauli Road, NH-79 Dhanusha | 11,280,427.74 | 320,000 | 3,000 |
| 3 | RDJKR/33701136 /081/82/97 | Road Safey Works Along Janakpur-Nagraain-Jathi six lane Road | 8,559,754.83 | 240,000 | 3,000 |
| 4 | RDJKR/33701169 /081/82/39(Re) | Road Upgrading works along Chhireshwor Marg Pramod Kirana Pasal Dr. Vhim Rao Ambedkar Chawk Hudai Uttar Wada No. 9 Simmana Samm Sadak Section. | 8,402,036.22 | 240,000 | 3,000 |
| 5 | RDJKR/33701138 /081/82/98 | Road Upgrading works along Janakpur(Mujeliya)-Dhanushadham-Dharapani Ramayan Circuit -Tarapatti-Pathara-MRM Puspalpur(NH-30), Road | 6,053,707.83 | 170,000 | 3,000 |
| 6 | RDJKR/337310113 /081/82/99 | Road Upgrading works along Dhanushadham Na.Pa Karyalay Dekhi Bajar Hudai Khairhani Sadak, Dhanusha | 3,416,834.36 | 100,000 | 3,000 |
| 7 | RDJKR/337310113 /081/82/100 | Road Upgrading works along Bathanaha Bhangahiya Bhatoliya-Bakhari Sadak Manarashiswa Na.Pa, Mahottari | 1,730,831.76 | 50,000 | 3,000 |

2. Details of Bid:

| Last Date and Time of Submission of e-bids | Date and Time of Opening | Pre-Bid Meeting | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|
| Feb 21, 2025 (2081-11-09); 12:00 hrs | Feb 21, 2025 (2081-11-09); 13:00 hrs | Feb 10, 2025 (2081-10-28); 13:00 hrs | 90 Days Counting from the Day of Bid Opening | Minimum 30 Days Beyond the Bid Validity Period |

3. Eligible Bidders are advised to visit the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact to Road Division Dhanusha, Email : rdjanakpur@gmail.com.

**Division Chief**

मध्यान्ह
www.madhyanhadaily.com
९ माघ २०८१ बुधबार
22 January 2025, Wednesday

## सम्पादकीय

# नीतिगत सुधारको खाँचो

राष्ट्रिय राजनीतिको चर्चामा रहेका पात्रहरू एक बनेका छन्– ऋषिकेश पोखरेल । प्रतिनिधि सभाको सार्वजनिक लेखा समिति सभापति पोखरेलको पदलाई लिएर कतै न कतै चर्चा भएकै हुन्छ । विशेषगरी विपक्षमा रहेका नेकपा माओवादी केन्द्र, रास्वपा, राप्रपा लगायतले पोखरेलले पदबाट राजीनामा दिनुपर्ने माग राखिरहेका छन् । राजीनामाको माग गर्नुको पछाडि मूलतः दुई तर्क छन्ः पहिलो– पोखरेल पत्नी सहकारी बचत रकम अपचलन मुद्दामा जोडिएकी छन्, र दोस्रो– उनी सत्तारूढ नेकपा एमालेका सांसद हुन् । सहकारी बचत रकम अपचलन मुद्दामा पोखरेल पत्नी पक्राउ परेर पनि अदालतबाट धरौटीमा रिहा भइसकेका छन् । त्यसैले सांसद् पोखरेलले यही विषयलाई लिएर राजीनामा दिने वा नदिने भन्ने उनकै नैतिकतामा भर पर्ने देखिन्छ । यदि सुशासनप्रति प्रतिबद्धतामा सम्झौतारहित पार्टीको सन्देश दिने हो भने एमालेले उनलाई उक्त पदबाट राजीनामा दिन निर्देशन गरेकै राम्रो हो ।

तर ऋषिकेश पोखरेलले राजीनामा दिनुपर्ने मागको दोस्रो कारणबारे पनि पर्याप्त विमर्श आवश्यक छ । किनकि लेखा समितिको नेतृत्व स्वभाविक रूपले विपक्षी दलले पाउनुपर्छ । सरकारको कामप्रति प्रश्न उठाउनुपर्ने भएकाले सत्तारूढ सांसदको नेतृत्वमा यो समिति प्रभावकारी हुन सक्दैन । तसर्थ प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको नेकपा एमालेकै सांसद पोखरेल यो समितिमा रहेसम्म समितिले गति लिने सक्दैन । त्यसैले विपक्षी सांसदहरूको मागमा असहमति जनाउन सकिँदैन । तर सत्ता पक्ष पोखरेललाई राजीनामा गराउने पक्षमा छैन । बरू प्रतिवाद गरिरहेका छन् । मंगलबारकै समिति बैठकमा पनि एमाले र माओवादीका सांसदहरू यही विषयलाई लिएर बाझाबाझमै उत्रिए । तर कुनै निष्कर्ष आउने संभावना थिएन ।

यस्तो अवस्था आउनुमा पोखरेल अथवा अहिलेका सत्तारूढ मात्र समस्या होइनन् । विगतको नजीर नै त्यस्तै छ । विपक्षी भूमिकामा हुँदा लेखा समितिको सभापति लिने दलकै नेता तत्कालै प्रधानमन्त्री बन्दा यस्तो समस्या आउने गरेको हो । अर्थात राजनीतिक अस्थिरताका कारणले लेखा समितिको मतभेद सधैं चल्दै आएको छ । र यसको समाधान पनि निकाल्न राजनीतिक नेतृत्वले सकेका छैनन् । समाधान सजिलो पनि देखिँदैन । किनकि लेखा समितिको सभापति छोडे लगत्तै सरकार पनि ढल्यो भने फेरि समस्या त उही रहन्छ । त्यसैले यसबारे कुनै न कुनै नीतिगत निर्णय गर्न आवश्यक छ, जसले गर्दा लेखा समिति प्रभावकारी होस् । नत्र सुशासनको सवालमा चर्को प्रतिबद्धता जनाउने, तर लेखा समिति नै गतिहीन अनि विवादित बनिरहने नियतिबाट राजनीति मुक्त हुन सक्दैन ।

# अर्थतन्त्रका समस्या र सम्भावना

अग्रलेख



● चन्द्रबहादुर बस्याल

नेपालको अर्थतन्त्र विकासशील अवस्थामा छ । कृषि, पर्यटन र रेमिटचान्समा आधारित अर्थतन्त्रले देशको समग्र आर्थिक वृद्धिमा योगदान गरिरहेको भए पनि यसमा धेरै जटिलता र समस्याहरू छन् । राजनीतिक अस्थिरता, पुँजी अभाव, उत्पादनशीलता घट्दै जानु, वैदेशिक व्यापार घाटा र रोजगारीको सीमित अवसर जस्ता समस्याले नेपालको आर्थिक विकासमा अवरोध पुऱ्याइरहेका छन् । यी समस्याहरूको विश्लेषण र समाधानका उपायहरूमा ध्यान दिनु जरुरी छ ।

### समस्याहरू

**वैदेशिक व्यापार घाटा**

नेपालको अर्थतन्त्रले ठूलो व्यापार घाटा सामना गरिरहेको छ । देशको आयात अत्यधिक छ भने निर्यात निकै न्यून छ । नेपाल मुख्यतः भारत, चीन र अन्य देशहरूबाट उपभोग्य वस्तु र कच्चा पदार्थ आयात गर्छ तर घरेलु उत्पादनको अभावका कारण प्रतिस्पर्धात्मक निर्यात गर्न सकिरहेको छैन । नेपालीको अत्यावश्यक आवश्यकता पनि आयातमा निर्भर रहेको अवस्था छ । हाम्रो अर्थतन्त्र संकुचनमा रहिरहनुको कारण पनि आयातमा निर्भरता रहनु हो । यस्तो अवस्थामा विदेशी मुद्राको अभावले अर्थतन्त्रमा नकारात्मक प्रभाव पार्छ ।

**रेमिटचान्समा निर्भरता**

नेपालको अर्थतन्त्रको प्रमुख आधारशिला भनेकै रेमिटचान्स बनेको छ । झण्डै लाखको संख्यामा प्रत्येक महिना नेपाली युवाहरू रोजगारीका लागि विदेश जाने गरेका छन् । उनीहरूले पठाउने रेमिटचान्सले नै अर्थतन्त्रको मुख्य हिस्सा धानेको छ । यसले घरेलु उपभोगमा योगदान पुऱ्याए पनि उत्पादनशील क्षेत्रमा प्रभावकारी परिवर्तन गर्न सकेको छैन । रेमिटचान्समा अत्यधिक निर्भरता दीर्घकालीन आर्थिक स्थायित्वका लागि पनि जोखिमपूर्ण छ ।सबैभन्दा विडम्बनाको विषय, रेमिटचान्सको उपयोग उत्पादनशील क्षेत्रमा नभई घरेलु खर्च र शौखिन कुरामा भइरहेको छ, जसले एकातिर वैदेशिक रोजगारीलाई बाध्यकारी बनाइरहेको छ भने अर्कातिर रेमिटचान्सको घटबढ हुँदा के होला भन्ने अनिश्चय उब्जाएको छ ।

**कृषि व्यावसायिक नहुनु**


नेपालको ६० प्रतिशतभन्दा बढी जनसंख्या कृषि क्षेत्रमा संलग्न छ तर यो क्षेत्र परम्परागत प्रविधिमा आधारित छ । कृषिमा निकै चिन्ताको विषय, ६० प्रतिशत जनसंख्या आबद्ध हुँदा पनि सोही जनसंख्यालाई पुग्ने अवस्था छैन, जसलाई सरकारले पनि प्राथमिकता दिएर काम गर्न सकेको छैन । अहिले कृषि क्षेत्रमा सिंचाइको अभाव, उन्नत बिउ बीजन र प्राविधिक ज्ञानको कमी तथा सहकारी संस्थाको कमजोर संरचनाले कृषिलाई उत्पादनशील बनाउन असफल बनाएको छ । आयातीत खाद्यान्नमा निर्भरता बढ्दै जानु कृषिमा रहेको समस्याको स्पष्ट संकेत हो ।

**औद्योगीकरण हुन नसक्नु**

नेपालमा उद्योगको विकास निकै सुस्त गतिमा छ । ऊर्जा संकट, कच्चा पदार्थको अभाव, बजारको पहुँचको कमी र श्रम विवादले औद्योगिक विकासलाई अवरुद्ध गरिरहेको छ । ठूला उद्योगहरूको स्थापना नगर्नु र साना उद्योगहरूले पर्याप्त सरकारी सहयोग नपाउनु पनि प्रमुख समस्या बनेको छ । स्वतः सिद्ध कुरा हो, औद्योगिक विकासबिना आत्मनिर्भर अर्थतन्त्रको विकास सम्भव छैन ।

**राजनीतिक र नीतिगत अस्थिरता**

अर्थतन्त्र निरन्तर लयमा हिँड्न राजनीति सही हुनुपर्छ । तर, नेपालको सन्दर्भमा राजनीति सही ढंगबाट अगाडि जान सकेको छैन । राजनीतिक अस्थिरता नै नेपालको आर्थिक विकासका लागि ठूलो चुनौती बनिरहेको छ । सरकार परिवर्तनको निरन्तर खेल, अस्थिर नीति र दीर्घकालीन विकास योजनाको अभावले लगानीकर्ताहरूलाई हतोत्साहित गरिरहेको छ । नीति निर्माणमा अनियमितता र भ्रष्टाचारको प्रभावले पनि अर्थतन्त्रमा नकारात्मक असर पार्छ ।



नेपालको अर्थतन्त्रमा धेरै समस्याहरु भए पनि सुधारका लागि प्रशस्त सम्भावनाहरु छन् । उत्पादनशील क्षेत्रहरुको विकास, वैदेशिक लगानीको प्रोत्साहन, कृषि आधुनिकीकरण र पर्यटन प्रवर्द्धन जस्ता कदमले नेपालको आर्थिक आधार सुदृढ बनाउन सकिन्छ...

**वैदेशिक लगानीको अभाव**

नेपाल जस्ता सानो अर्थतन्त्र भएका मुलुकका लागि वैदेशिक लगानी भित्र्याउनु अनिवार्य छ । वैदेशिक सहायताबिना ठूला परियोजनाहरू अगाडि बढाउन सम्भव छैन । तर, नेपालले सामान्य रूपमा पनि वैदेशिक लगानी भित्र्याउन सकेको छैन । नेपालमा विदेशी लगानी आकर्षणका लागि सम्भावना धेरै भए पनि कानुनी र प्रशासनिक झन्झट, कमजोर पूर्वाधार र ऊर्जा आपूर्तिको समस्या जस्ता कारणले वैदेशिक लगानीको मात्रा न्यून छ । लगानीमैत्री वातावरणको अभावले नेपाललाई अन्तर्राष्ट्रिय प्रतिस्पर्धाबाट पछाडि पारेको छ ।

**विकासे पूर्वाधारको कमजोरी**

नेपालमा यातायात, ऊर्जा र संचार जस्ता विकासे पूर्वाधारहरू कमजोर छन् । खासगरी ग्रामीण क्षेत्रमा सडक संजालको अभावले आर्थिक क्रियाकलापहरू प्रभावित भएका छन् । ऊर्जा आपूर्तिमा सुधार भए पनि उद्योग र अन्य उत्पादन क्षेत्रलाई पर्याप्त सहयोग पुऱ्याउन सकिएको छैन ।

सरकारले प्राथमिकतामा राखेको र जनसंख्याको ठूलो हिस्सा आबद्ध भएको क्षेत्रमा पनि पूर्वाधार अभावले ठूलो सकस बनाइरहेको छ ।

**शिक्षा र मानव संशाधनको कमी**

आज वैदेशिक रोजगारी बाध्यतापूर्ण बन्नुका पछाडि हाम्रो शिक्षा नीति पनि जिम्मेवार छ । हाम्रो शिक्षा नीति घोकन्तेमा आधारित मात्र छैन, व्यावहारिकताको पाटोबाट निकै नै टाढा छ । चाहे जुनसुकै तहको अध्ययन गरे पनि विद्यार्थी स्वरोजगार बन्ने अवस्था छैन । आज हाम्रा विश्वविद्यालय बेरोजगार उत्पादन गर्ने कारखाना बनिरहेका छन् भन्दा अन्यथा हुँदैन । आधुनिक प्रविधिमा प्रशिक्षित जनशक्ति अभाव नभई अबको युग सुहाउँदो विकास निर्माण सम्भव छैन ।

**गरिबी र असमानता**

नेपालमा अझै पनि ठूलो जनसंख्या गरिबीको रेखामुनि छ । आर्थिक स्रोतको असमान वितरण, क्षेत्रीय असमानता र सामाजिक विभाजनले गरिबी घटाउन बाधा पुऱ्याएको छ । ग्रामीण र शहरी क्षेत्रबीचको आयस्तरमा ठूलो खाडल छ, जुन हाम्रो आर्थिक विकासको बाधाको रूपमा पनि रहिआएको छ ।

### समस्या समाधानका उपायहरू

हामीले चाहेजस्तो आर्थिक समृद्धि प्राप्त गर्न सम्भव छ तर यसका निम्ति नीतिगतदेखि व्यावहारिक पाटोलाई व्यवस्थित बनाउन आवश्यक छ । आज हाम्रो अर्थनीति नै उद्देश्यविहीन र भुत्ते प्रकृतिको छ भन्दा अन्यथा हुँदैन, जसको उचित सम्बोधन नगरी हामी अगाडि बढ्न सक्दैनौं ।

मुख्यतः अहिले हाम्रो प्राथमिकतामा घरेलु उत्पादन र निर्यातलाई प्रवर्द्धन गर्न उद्योग स्थापना, कृषि उत्पादन वृद्धि र हस्तकलामा आधारित वस्तुहरूलाई अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने व्यवस्था गर्नुपर्छ । यसैगरी कृषिलाई आधुनिकीकरण गर्न सिँचाइ व्यवस्थामा सुधार, उन्नत बिउ बीजनको प्रयोग र सहकारी संस्थालाई सशक्त बनाउनुपर्छ । सरकारको विशेष अनुदान र ऋणको पहुँच विस्तार गर्न आवश्यक छ ।उद्योगहरूको स्थापनाका लागि ऊर्जा आपूर्ति सुधार, कच्चा पदार्थको पहुँच सुनिश्चित र श्रम विवादको समाधान गर्नुपर्ने हुन्छ । साना र मझौला उद्योगहरूलाई प्रोत्साहन गर्न सहुलियत ऋणको व्यवस्था गर्नुपर्छ । वैदेशिक लगानीका लागि लगानीमैत्री नीति ल्याउनुपर्छ । कानुनी प्रक्रिया सजिलो बनाउनुका साथै लगानीकर्ताको सुरक्षाको प्रत्याभूति गर्नुपर्छ ।

हामीसँग आज खोजेजस्तो जनशक्ति छैन, जसको उपलब्धता अनिवार्य शर्त हो । मानव संसाधनलाई कुशल बनाउन प्राविधिक शिक्षामा जोड दिनुपर्छ । व्यावसायिक र प्राविधिक शिक्षाको पहुँच बढाएर दक्ष जनशक्ति तयार गर्नु आवश्यक छ । नेपाल प्राकृतिक र सांस्कृतिक रूपमा पर्यटनमैत्री मुलुक हो । यहाँ पर्यटनबाट ठूलो लाभ लिन सकिन्छ । पर्यटन क्षेत्रलाई सशक्त बनाउन पूर्वाधार विकास, प्रचारप्रसार र नयाँ गन्तव्यहरूको पहिचान गर्नुपर्छ ।

सँगै, राजनीतिक स्थायित्वका लागि सरकार र राजनीतिक दलहरूले दीर्घकालीन सोच राख्नुपर्छ । भ्रष्टाचार नियन्त्रण, पारदर्शिता र विकास योजनामा जनताको सहभागिता सुनिश्चित गर्नुपर्ने छ ।

निष्कर्षमा, नेपालको अर्थतन्त्रमा धेरै समस्याहरू भए पनि सुधारका लागि प्रशस्त सम्भावनाहरू छन् । उत्पादनशील क्षेत्रहरूको विकास, वैदेशिक लगानीको प्रोत्साहन, कृषि आधुनिकीकरण र पर्यटन प्रवर्द्धन जस्ता कदमले नेपालको आर्थिक आधार सुदृढ बनाउन सक्छ । सरकार, निजी क्षेत्र र जनताबीचको सहकार्यले मात्र यी समस्याहरूको समाधान सम्भव छ । दीर्घकालीन र सन्तुलित नीति अवलम्बन गरी दिगो आर्थिक विकासको मार्गमा अघि बढ्नुपर्ने आवश्यकता छ ।

## इतिहासमा आज

२२ जनवरी १९९८ मा अमेरिकी राष्ट्रपति बिल क्लिन्टनमाथि मोनिका लेवेन्स्कीले अवैध शारीरिक सम्बन्ध राखेको आरोप लगाएकी थिइन् ।



